मधेश प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल

फोन नं.+९७७०४१-५२३१३३, ५२५३३८, ५२५७३३
फ्याक्स नं.+९७७०४१-५२७१०१
टोल फ्रि नं.१६६०४१५२८४३

## स्तरबृद्धिको लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः- २०८२।०१।११

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ४० बमोजिम स्तर वृद्धिको लागि यस मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलाय र मातहतका मन्त्रालय तथा सो अन्तर्गतका निकायमा कार्यरत प्रदेश निजामती सेवाका कर्मचारीहरुले स्तरवृद्धिको लागि निवेदनसाथ देहायका सम्पूर्ण कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र सवै सेवा समूहका अधिकृत दशौं तहमा र प्रशासन सेवा, सामान्य प्रशासन समूह, विविध सेवा र आर्थिक योजना तथा तथ्याङ्क सेवा समूहका अधिकृत छैठौं र अधिकृत आठौं तहमा स्तर वृद्धि हुने योग्यता पुगेका उमेदवारहरुले यस कार्यालयको Website:-www.ocmcm.p2.gov.np मा उपलब्ध फाराम भरी यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि स्तरवृद्धि समितिको मिति २०८२।०१।१० गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

देहायः

- स्तर वृद्धि हुने तह भन्दा एक तह मुनीको पदमा तीन वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजात (नियुक्ति पत्र, समायोजन पत्र तथा पदस्थापन पत्रको प्रमाणित प्रतिलिपि)
- कम्तिमा तीस कार्यदिनको सेवासँग सम्बन्धित विषयमा सेवाकालिन तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (स्वास्थ्य सेवा वाहेक)
- पछिल्लो तीन आ.व.मा कार्यरत रहेको कार्यालयको नाम र ठेगाना।



CamScanner